नेरुडे लघुवित्त वित्तिय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रिय कार्यालय विराटनगर ३ - बलरामभूपी मार्ग

फोन नं.:- ०२१-४६३०३२, ०२१-४६२१०१ Email : nerude@wlink.com.np

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

विवरण सार्वजनिक गरेको मिति : २०७८/०७/०४

(क) **निकायको स्वरुप र प्रकृति :** नेरुडे लघुवित्त वित्तिय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी संचालीत "घ" वर्गको लघुवित्त वित्तिय संस्था हो ।

(ख) **निकायको काम, कर्तब्य र अधिकार :** यस वित्तिय संस्थाको काम, कर्तब्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ ले तोके बमोजिम रहेकाछन् ।

(ग) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** यस संस्थामा हाल कार्यरत कर्मचारी संख्या(२०७८ आश्विन सम्म) ५८१ रहेको छ र निज कर्मचारीहरुको कार्य विवरण समय समयमा संस्थाले तोके बमोजिम हुनेछ ।

(घ) **निकायबाट प्रदान गरिने सेवा :** यस संस्थाले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय सेवा सम्बन्धि ऐन,२०७३ बमोजिम "घ" वर्गको वित्तिय संस्थाहरुले प्रदान गर्न सक्ने सम्पुर्ण लघुवित्त सेवाहरु रहेका छन ।

(ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** यस संस्थाका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको आधिकारिक वेबसाईट : WWW.nerude.org.np उपलब्ध छ ।

(च) **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको आधिकारिक वेबसाईट : WWW.nerude.org.np मा उपलब्ध छ ।

(छ) **निर्णय गर्ने प्रकृया र अधिकारी :** यस संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रित अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** यस संस्थामा प्राप्त गुनासा, उजुरी तथा सुझावहरु उपर गम्भिरतापुर्वक मनन् गरी उक्त उजुरी तथा सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रिकृत रुपमा यस संस्थाका प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ ।

(झ) **सम्पादन गरेको कामको विवरण :** यस संस्थाले बैंक तथा वित्तीय सेवा सम्बन्धि ऐन,२०७३ बमोजिम "घ" वर्ग अर्न्तगतका वित्तीय संस्थाहरुले सम्पादन गर्न सक्ने र गरेको सम्पुर्ण लघुवित्त कार्यसाग सम्बन्धि विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा नियमित रुपमा निष्कासन गर्ने गरिएको छ । साथै संस्थाको आधिकारिक वेबसाईट : WWW.nerude.org.np मा पनि सूचनाहरु राखिएको छ ।

(ञ) **सूचना अधिकारी र प्रमुखको नाम र पद**

प्रमुखको नाम र पद : **श्री भोजराज बस्याल, प्रमुख कार्यकारी अधिकृत**

सूचना अधिकारीको नाम र पद : **श्री ऋषि प्रसाद न्यौपाने , सहायक महाप्रबन्धक तथा कम्पनी सचिव**

(ट) **ऐन, नियम, विनियम र निर्देशिकाको सूची :** नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेको विनियमहरु तयार गरी राखीएको छ ।

(ठ) **आम्दानी, खर्च, तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण :** यस संस्थाको आम्दानी, खर्च, तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित हुदैआएको र संस्थाको आधिकारिक वेबसाईट : WWW.nerude.org.np मा समेत राखिएको छ ।

(ड) **तोकिए बमोजिम अन्य विवरण :**

१. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण : वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठि, ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठि ।

२. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण : WWW.nerude.org.np

३. सार्वजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण : प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, वार्षिक वित्तिय विवरण, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमका विवरणहरु ।